# माईकोट डाँडा सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा.-०९, अर्घाखाँची

पत्र सं.०८२।०८३
च.नं. १०

मिति : २०८२।०९।१९

विषय : काठ दाउरा बिक्रीको सूचना वेभ साइटमा राखि दिने वारे ।

श्री वन तथा वातावरण मन्त्रालय, लुम्विनी प्रदेश, राप्ती उपत्यका दाङ्ग
श्री वन निर्देशनालय, लुम्विनी प्रदेश, बुटवल, रुपन्देही
श्री डिभिजन वन कार्यालय, अर्घाखाँची

उपरोक्त विषयमा श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको लिलाम बिक्री सहमति बमोजिम यस सामुदायिक वन उपभोक्ता समूहबाट काठ दाउरा लिलाम बिक्री सम्बन्धि शिलबन्दी बोलपत्र आवह्नको लागि मिति २०८२।०९।१९ गतेका दिन लुम्विनी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना र समूहले तयार गरेको विस्तृत सूचना तहाँ कार्यालयको वेभसाइटमा राखि दिन हुनका लागि यसै साथ संलग्न राखी पठाइएको ब्यहोरा अनुरोध छ ।

..................
केशव सारु
अध्यक्ष

# काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२।०९।१९ गते)

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना अनुसार आ.व. ०८२।०८३ मा सामुदायिक वनको पुनरुत्पादन कटान क्षेत्रमा कटान सहमति भएका रुखहरु कटान गरी उत्पादन भएका उपभोक्ता तथा छिमेकी सा.व.उ.स.भित्र बिक्री नभई घाट गद्दीमा रहेका विभिन्न जातको गोलिया थान २७८ को २०८२.२६ क्यू.फिट काठ र दाउरा ८ चट्टालाई (कायमगरिएको १ वटा लट)हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग व फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिनभित्र कार्यालय समयभित्र बोलपत्र खरीद गरी २२ औं दिन शनिबार परेकोले मिति २०८२।१०।११ गते दिउँसको ३:०० बजे भित्र दाखिला गर्नुहुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जिल्लास्थित अन्य कार्यालयमा टाँस भएको सूचना हेर्नु हुन अनुरोध छ।

**माईकोट डाँडा सामुदायिक वन उपभोक्ता समूह**

**शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची**

# माइकोट डाँडा सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

प.सं. ०८२।०८३

च.नं.

मिति : २०८२।०९।१९

**विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना !**

(लुम्बिनी राष्ट्रिय दैनिक, पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८२।०९।१९)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना बमोजिम आ.व. ०८२।०८३ मा पुनरुत्पादन कटान क्षेत्रमा कटान सहमति अनुसारका रुखहरु कटान गर्दा उत्पादन भएका गोलिया काठ, दाउरा शितगंगा-९, स्थित खालीचौरमा घाटगद्दी गरी राखिएका विभिन्न जातको गोलिया थान २७८ को २०८२.२६ क्यु.फिट र दाउरा ८ चट्टालाई (कायम गरिएको १ वटा लट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारमा आधारित ईच्छुक योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिन शनिबार परेकोले मिति २०८२।१०।११ गते दिउस ३:०० बजे भित्र दाखिला गर्न हुन सूचित गरिन्छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. १६८४ मिति २०८२।०९।१७ गतेको लिलाम सहमति बमोजिमको प्रथम पटक प्रकाशित सूचना

| लट नं | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यु.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 01/082/083 | आ.व. ०८२।०८३ मा पुनरुत्पादन कटान गरेको काठ र दाउरा | साल | A | ९ | १३८.५३ | १२५० | १७३१६३ | ३८५,२१९ | / |
| | | साल | B | ३० | ३४८.३५ | ९०० | ३१३५१५ | | |
| | | साल | C | ८३ | ४२१.६८ | ६०० | २५३००८ | | |
| | | साल | D | १० | २५.३६ | ३०० | ७६०८ | | |
| | | असना | A | २४ | ४००.४३ | ४०० | १६०१७२ | | |
| | | असना | B | १४ | १४४,२७ | ३०० | ४३२८१ | | |
| | | असना | C | ४९ | २३१.०६ | १०० | २३१०६ | | |
| | | जामुन | A | २ | २१.६१ | ४०० | ८६४४ | | |
| | | जामुन | B | ७ | ५४.५५ | ३०० | १६३६५ | | |
| | | जामुन | C | १६ | ६८.१७ | १०० | ६८१७ | | |
| | | कर्मा | C | ४ | १६.६९ | १०० | १६६९ | | |
| | | खो. सल्ला | A | १ | १४.०६ | २५० | ३५१५ | | |
| | | खो. सल्ला | B | २३ | १७७.७० | १५० | २६६५५ | | |
| | | सावन | N | ६ | १९.८० | ३०० | ५९४० | | |
| | | साल दाउरा | | | ५ | १२००० | ६०००० | १३७,२०० | / |
| | | अन्य दाउरा | | | ३ | ४००० | १२००० | | |
| जम्मा | | | | | | | ११९५४५८ | ५२२४१९ | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति २०८२/१०/०९ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति २०८२/१०/११ गते दिउसो ३.०० बजेसम्म ।

माइकोट डाँडा सा.व.उ.स.

अध्यक्ष

# माइकोट डांडा सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा नं.पा. वडा नं. ०९, अर्घाखांची

३. बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट रु.२००० (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

४. सिलबन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको रा.वा.बैंक, सन्धिखर्क शाखा, अर्घाखाँचीमा रहेको हिसाब नं. ३०५०१००००३९५८००१ खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नुपर्ने छ ।

५. लिलाम बिक्री हुने वन पैदावार शितगंगा-९ स्थित समूहको घटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोबार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अद्यावधिक सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. सिलबन्दी गर्न आएका बोलपत्रहरू मिति २०८२।१०।१३ गते दिनको ११:०० बजे कार्यालय प्रतिनिधी, बोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्वीकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. सिलबन्दी गर्दै नआएको, सम्बन्धित कार्यालयबाट बिक्री नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, अरुको नाममा बिक्री भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला नगरेको, बोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सुचनामा तोकिएका अन्य शर्तहरु पुरा नभएको, बोलपत्र उपर कारवाही हुनेछैन ।

११. बोलपत्र सिलबन्दी गरी पेश गर्नु पर्नेछ र सिलबन्दी खाममा लट नम्बर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी श्री माईकोट डाँडा सा.व.उ.स. को नाउँ, बाट्टा लिलाम सिलबन्दी बोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

इति सम्वत् २०८२ साल पौष महिना १९ गते रोज ०७ मा शुभम् ___।